


AMC Journal (Pp. 123-134)
(A Peer-Reviewed, Open Access Journal, Indexed in NepJOL)

**Research Management Cell**

**Adarsha Multiple Campus, Gajuri, Dhading**

DOI: https://doi.org/10.3126/amcj.v5i1.75971

ISSN: 2717-4808 (Print) 2738-9987 (Online)

# 'एउटा गाउँमा' कथाको वर्गविश्लेषण

डा. बिन्दु शर्मा*

**सार**

*प्रस्तुत लेख पारिजातको 'एउटा गाउँमा' कथाको वर्गीय चेतना विश्लेषणमा आधारित छ । यसमा मूल समस्याको समाधानका लागि कथामा प्रकटित सर्वहाराको जीवनसङ्घर्ष, अधिक मानवीय संसार रचनाको प्रयास, वर्गीय एकता र सर्वहाराको ऐतिहासिक दायित्वबोधजस्ता प्रतिमानको उपयोग गरिएको छ । प्रस्तुत लेखको सैद्धान्तिक ढाँचाको मूल आधार साहित्यको वर्गीय अध्ययनअन्तर्गत पाण्डेय (२०६७) को सिद्धान्त रहेको छ । वर्गविश्लेषण आर्थिक र सामाजिक पक्षसँग सम्बन्धित उत्पादक शक्ति र उत्पादन सम्बन्धसम्बद्ध विषय रहँदारहँदै पनि यो मार्क्सवादी समालोचनाअन्तर्गत अन्तरविषयक समालोचना पद्धतिका रूपमा साहित्यले सहजै अङ्गीकार गरेको विषय हो । समालोचनाका क्षेत्रमा वर्गीय चेतना समाजको उत्पादन सम्बन्धका आधारमा निर्धारित मालिक र मजदुरका बिचको आर्थिक, सामाजिक शोषण र त्यसले सिर्जना गरेको द्वन्द्वात्मक परिस्थिति एवम् वर्गमुक्तिको सङ्घर्षका आधारमा कृतिको विश्लेषण गर्ने सिद्धान्त हो । यसले साहित्यिक कृतिहरूमा रहेका वर्गीय विभेद, शोषण, वर्गद्वन्द्व र सर्वहारा वर्गको मुक्तिजस्ता आर्थिक उत्पादनसँग सम्बद्ध पक्षहरूको खोजी गरी तिनको प्रयोजनपरक ढङ्गले विश्लेषण गर्ने काम गर्दछ । 'एउटा गाउँमा' कथाको वर्गीय चेतनाविश्लेषणअन्तर्गत यस लेखमा सर्वहारा जीवनसङ्घर्षको चित्रण, अधिक मानवीय संसार रचनाको प्रयास, वर्गीय एकता र सर्वहाराको ऐतिहासिक दायित्वबोधका माध्यमबाट वर्गीय चेतना पहिचान गरिएको छ । प्रस्तुत लेखमा नेपाली समाजको वर्गीय स्वरूपको चित्रण, त्यसको आर्थिक सामाजिक शोषणमा आधारित सम्बन्धको आलोचनात्मक प्रसार एवम् शोषणबाट मुक्तिका लागि अवलम्बन गरिएको वर्गसङ्घर्षको मार्क्सवादी अभिव्यक्तिका कारण 'एउटा गाउँमा' कथा वर्गीय चेतना प्रकटीकरणका कोणबाट प्रभावकारी रहेको निष्कर्ष निकालिएको छ ।*

***मुख्य शब्दावली :*** उत्पादक शक्ति, ऐतिहासिक द्वन्द्ववाद, पतनशील, प्रगतिशील, वर्गसङ्घर्ष, सर्वहारा ।

* डा.शर्मा रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौँमा उपप्राध्यापक हुनुहुन्छ । ORCID ID: https://orcid.org/0009-0008-5093-1416. Email: bindu2033@gmail.com

## परिचय

वर्गीयता भनेको उत्पादनका साधनहरूसँगको सम्बन्धका आधारमा समाजमा देखा परेको खास वर्गप्रतिको पक्षधरता हो । यो विचारधारा आर्थिक सम्बन्धहरूका आधारमा भइरहेको सर्वहारा वर्गको श्रमशोषणको प्रतिरोध गर्ने रणनीतिमा आधारित छ । मार्क्सवादले गैरवर्गीय दृष्टिकोणसँग प्रतिकार गर्ने अभीष्टले नै वर्गीय दृष्टिकोणप्रति जोड दिएको हो । आर्थिक अभाव भएका, निमुखा पात्रहरूको जीवनभोगाइ, राज्यसत्तासम्म उनीहरूको पहुँचको अवस्था, शोषण र उत्पीडनका स्वरूप चित्रण गर्दा वर्गीयता अधिक मुखरित हुन्छ । हरेक युगका महान् रचनाकार आफ्नो रचनामा पतनशील वर्गको निर्मम आलोचना गर्छन् र प्रगतिशील वर्गप्रति सहानुभूति व्यक्त गर्छन् भन्ने कुरा संसारभरि कलासाहित्यको इतिहासबाट सिद्ध भएको छ (पाण्डेय, २०६७, पृ. १५०) । आफ्नो वर्गीय अवस्थाअनुसार नै लेखकहरू एउटा वर्गीय दृष्टिकोण आत्मसात् गर्दै सोहीअनुरूपका आफ्ना अनुभव र अनुभूतिलाई साहित्यमा प्रस्तुत गर्छन् । अतः लेखकले आफ्ना रचनामा अभिव्यक्त गरेको दृष्टिकोणमा वर्गीय आग्रह र पतनको पक्ष पनि रहिरहन्छ ।

घटनाको शृङ्खला, पात्रहरूको क्रियाकलाप, परिवेशको आधार, दृष्टिविन्दुको रणनीति, भाषाको कलात्मक बुनोट, एवम् विचारधारा प्रस्तुतिको सही स्वरबिच सम्मिलन हुनुपर्ने भएकाले कथा कलात्मकताको आधिक्य रहेको साहित्यिक रचना हो । यसमा विषयका रूपमा लिइएको यथार्थ यथास्थितिलाई स्वीकार गर्ने र यथास्थितिलाई अस्वीकार गरेर जीवनलाई नवीन तरिकाले रूपान्तरण गर्न चाहने गरी दुई प्रकारका प्रवृत्तिहरू हुन्छन् । कथामा जीवनजगत्को जीवन्त, स्पष्ट र यथार्थ प्रतिबिम्बन हुने भएकाले यसमा सामाजिक एवम् आर्थिक वर्गको अभिव्यक्ति प्रत्यक्ष रूपमा प्रकट हुन सक्छ (शर्मा, २०७६, पृ. १७८) । नेपाली कथामा समकालीन समयावधि वि.सं. २०३६ सालदेखि नै शोषणको विरोध, पुँजीवादी व्यवस्थामा सङ्क्रमण, अर्धऔपनिवेशिकताको प्रक्रिया तथा वर्गीय मुक्तिको विद्रोह निहित छ । तिनमा आमनागरिकका जनजीविकाका सवालसँगै उत्पीडित नागरिकको न्याय, समानता र स्वतन्त्रताजस्ता राजनीतिसम्बद्ध सन्दर्भहरूको वास्तविकता र जनचासो आलोचनात्मक रूपमा प्रकट भइरहेको छ । यस्तै विशेषता बोकेको पारिजातको 'एउटा गाउँमा' कथा सुरुमा *साल्गीको बलात्कृत आँसु* (२०४३) कथासङ्ग्रहमा सङ्गृहीत थियो र पछि *पारिजातका प्रतिनिधि कथाहरू* (२०७४) कृतिमा पनि यो कथा समेटिएको छ । यस कथामा वर्गीय मुक्तिका लागि एउटा गाउँ नै क्रान्तिमा लागेको सन्दर्भप्रति लेखकीय पक्षधरता देखाउने क्रममा वर्गीय चेतना प्रकट भएको छ । आफ्नो युगको गरिबी र शोषण देखेर त्यसको अन्त्यका लागि वर्गसङ्घर्षको अपरिहार्यता बोध गरेकी पारिजातले आफ्नो साहित्यमा पतनशील वर्गको निर्मम आलोचना र प्रगतिशील वर्गप्रति पक्षधरता प्रकट गरेकी छन् । त्यसैले प्रस्तुत कथामा वर्गीयताको विश्लेषण गर्दा त्यसले सही गति र स्पष्ट दिशा लिन पाउँछ । घिमिरे र ज्ञवाली (२०५८) ले पारिजातका आख्यानको विधापरक विश्लेषण गर्ने क्रममा जनसङ्घर्षलाई परिवर्तनको आधार बनाइएको रचनाका रूपमा 'एउटा गाउँमा' कथाको विश्लेषण गरेका छन् । *पारिजातका प्रतिनिधि कथाहरू* कृतिको भूमिकामा इन्फादा (२०७४) ले

प्रस्तुत कथामा पञ्चायतकालीन ग्रामीण सङ्घर्षको रूपलाई देखाउँदै उत्पीडित वर्गप्रति सहानुभूति प्रकट गरिएको बताएका छन् । निरौला (२०७४) ले चाहिँ प्रस्तुत कथाको नारीवादी दृष्टिले विश्लेषण गर्ने क्रममा श्रमको शोषण गरी गरिबीको चरम पीडा भोग्न विवश बनाउने सामन्ती शोषण अनि आर्थिक सम्पन्नताका आडमा निम्न वर्गीय महिलालाई उपेक्षा गर्ने दमनकारी परिपाटीका विरुद्ध सशक्त विद्रोह प्रकट गरिएको कथाका रूपमा मूल्याङ्कन गरेकी छन् । त्यसै गरी शर्मा (सन् २०२०) ले नेपाली कथापरम्परामा पारिजातको योगदान र स्थान पहिल्याउने क्रममा सन्दर्भवश 'एउटा गाउँमा' कथाको अतिसङ्क्षिप्त चर्चा गरेकी छन् जसमा समाजमा बाँच्नका लागि दिनरात सङ्घर्ष गर्नुपर्ने निम्नआर्थिक अवस्थाका श्रमशोषित तथा उपेक्षित वर्गका पात्रहरू प्रयोग गरिएको कथाका रूपमा यसको विवेचना गरेकी छन् तर यी कुनै पनि अध्ययनमा प्रस्तुत कथामा चित्रित वर्गीयताको स्वरूप र त्यसको प्रतिरोधी चिन्तनसहितको वर्गीय विश्लेषणले भने ठाउँ पाएको छैन । अतः यस अनुसन्धानमा पारिजातको 'एउटा गाउँमा' कथामा वर्गीय चेतनाको उद्घाटन के कसरी गरिएको छ भन्ने जिज्ञासा समाधान गर्ने उद्देश्य रहेको छ । 'एउटा गाउँमा' कथामा सर्वहारा जीवनसङ्घर्षको चित्रण, अधिक मानवीय संसार रचनाको प्रयास, वर्गीय एकता तथा सर्वहाराको ऐतिहासिक दायित्वबोध गराउने उद्देश्य रहेकाले वर्गीयताका आधारबाट यस कथाको विश्लेषण गर्नु उपयुक्त रहेको देखिन्छ ।

## उद्देश्य

प्रस्तुत अध्ययनमा पारिजातको 'एउटा गाउँमा' कथाका घटना, पात्र, परिवेश, लेखकीय दृष्टिकोण र विचारधाराको प्रस्तुतिमा निम्न वर्गीय चेतनाको भूमिका देखाई पात्रहरूको वर्गविश्लेषण गर्ने उद्देश्य रहेको छ । यस क्रममा वर्गका बिचको द्वन्द्व, सङ्घर्ष र वर्गीय एकताको उद्घाटनको मूल्याङ्कन गर्ने प्रयास पनि छ ।

## विधि

प्रस्तुत अध्ययन गुणात्मक शोधविधिमा आधारित छ । यसमा प्राथमिक सामग्रीको सङ्कलन पारिजातको 'एउटा गाउँमा' कथामा प्रकटित वर्गीय शोषण, त्यसविरुद्धका सर्वहारा पात्रहरूका क्रियाकलाप, उनीहरूको जिम्मेवारी र चिन्तनलाई प्रस्तुत गर्ने सन्दर्भहरूबाट गरिएको छ । यसरी सामग्री लिँदा वर्गीय चेतना विश्लेषणका निम्ति उपयुक्त प्रसङ्गमा मात्र सोद्देश्यमूलक नमुना छनोट पद्धति प्रयोग भएको छ । यस अध्ययनमा द्वितीयक सामग्रीका रूपमा कथामा वर्गीय चेतना विश्लेषणका लागि आवश्यक सैद्धान्तिक ग्रन्थ, कथाविश्लेषणका आधार भएका अनुसन्धानात्मक लेख र समालोचनात्मक लेख उपयोग गरिएको छ भने समस्या समाधानका लागि मूलतः पाठविश्लेषणको पद्धति उपयोग गरिएको छ । कथामा प्रकटित वर्गीय चेतनालाई सर्वहारा जीवनसङ्घर्षको चित्रण, अधिक मानवीय संसार रचनाको प्रयास, वर्गीय एकता र सर्वहाराको ऐतिहासिक दायित्वबोध विश्लेषणमा मात्र यस अध्ययनलाई सीमित गरिएको छ ।

**सैद्धान्तिक ढाँचा**

साहित्यमा लेखकले देखाउने निम्न वर्गप्रतिको पक्षधरतालाई वर्गीयता भनिन्छ । समाजमा उत्पादनका साधनहरूमाथिको निजी स्वामित्वका कारण हुने र नहुने दुई भिन्न वर्गहरू अस्तित्वमा आउँछन् । उत्पादनका साधनमा पहुँच हुने मालिकहरू अर्थात् शोषक वर्ग उत्पादनका साधनहरूबाट वञ्चित शोषित वर्गलाई शोषण गर्छन् । सामाजिक अर्थव्यवस्थाको निश्चित प्रणालीमा बेग्लाबेग्लै किसिमको स्थान रहने हुनाले वर्गहरू मानिसका यस्ता समूह हुन् जसमध्ये एकले अर्काको श्रमशोषण गर्न सक्छन् (लेनिन, सन् १९९२, पृ. ८८) । यसरी लेनिनले वर्गलाई आर्थिक सामाजिक श्रेणी मान्दै उत्पादनका साधनहरूमाथिको स्वामित्वका आधारमा वर्गको निर्माण हुने विचार राखेका छन् । वास्तवमा उत्पादक शक्ति र उत्पादन सम्बन्धका बिचको विरोधी प्रवृत्तिहरूको समूह नै वर्ग हो । पुँजीवादमा वर्गको अवधारणा आर्थिक आधारमा व्यक्ति, परिवार र अन्य समुदायमा निर्धारित सामाजिक श्रेणीलाई बुझाउन उपयोग गरिन्छ । त्यसैले निश्चित समुदायभित्रको आर्थिक आय र सामाजिक स्तर हेरी त्यसका आधारमा चार वर्गमा स्तर विभाजन गर्ने प्रचलन छ (बोट्टोमोर, सन् १९९१, पृ. ८६–८७) : (१) निम्न वर्ग (अन्डर क्लास), (२) मजदुर वर्ग (वर्किङ क्लास), (३) मध्यम वर्ग (मिडल क्लास) र (४) उच्च वर्ग (अपर क्लास) । मार्क्स र एङ्गेल्सले बुर्जुवाहरूले नै सामाजिक वर्गको विभाजन प्रारम्भ गरेको मान्यता राखेका छन् ।

वर्गलाई परिभाषित गर्ने व्यक्ति कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्स हुन् । उनीहरूले *मेनिफेस्टो अफ द कम्युनिस्ट पार्टी* (सन् १८४८, पृ. १८–१९) कृतिमा वर्गलाई आर्थिक उत्पादन प्रणालीसँग जोडेर हेरेका छन् । उनीहरूले परिभाषित गरेको वर्गसम्बन्धलाई साहित्यिक समालोचनामा प्रयोग गर्ने व्यक्ति प्लेखानोभ हुन् । उनले वर्गसङ्घर्ष र कलालाई अभिन्न ठानेर वर्गदृष्टिका आधारमा साहित्यको विश्लेषण गरेपछि मार्क्सवादी समालोचनामा यसको प्रयोग हुन थालेको हो । मार्क्सवादले वर्गलाई सामाजिक उत्पादनको इतिहाससँग जोडेर हेरेको छ । समाज विकासको ऐतिहासिक प्रक्रिया उत्पादन पद्धतिको विकाससँगै अघि बढेको हो । मार्क्सले निम्नस्तरको जीवन बाँच्ने करोडौँ मान्छेहरूको जीवनपद्धति, अभिरुचि र संस्कृति, एकीकृत चेतना, चिन्तन र सहकार्यको भावनाले वर्गको प्रतिपादन हुने सैद्धान्तिक अवधारणा राखेका छन् (बोट्टोमोर, सन् १९९१, पृ. ८५) । त्यसैले मार्क्सवादले वर्गलाई सामाजिक उत्पादनको इतिहाससँग जोडेर हेरेको हुन्छ । सामाजिक उत्पादनको विकासको विशिष्ट ऐतिहासिक चरणमा वर्गहरू अस्तित्वमा आएका थिए भन्ने अवधारणा मार्क्सवादले राखेको छ (गिरी, २०७५, पृ. ८) । यसबाट वर्गहरू उत्पादन पद्धतिका परिणाम रहेको कुरा स्पष्ट हुन्छ । वर्गीय समाजमा देखा पर्ने वर्गका दुई प्रकारहरूको निर्धारण गर्न सकिन्छ : (१) आधारभूत वर्ग, (२) गौण वर्ग । प्रमुख वर्ग भनिने आधारभूत वर्ग समाजमा सत्तारुढ उत्पादनका साधनहरूमा स्वामित्व रहेका राजारजौटा, सामन्त, पुँजीपति वर्ग र उत्पादनका साधनहरूबाट वञ्चित रहेको उत्पीडित वर्ग नै आधारभूत वर्ग हो । उत्पादन पद्धतिसँग प्रत्यक्ष रूपमा सम्बन्धित नहुने गौण वर्गहरूअन्तर्गत समाजका स्वतन्त्र शिल्पकारहरू, पुँजीवादी समाजका किसान, बुद्धिजीवी, पुरोहित आदि वर्ग पर्दछन् । पुँजीवादी समाजमा सर्वहारा वर्गलाई सबैभन्दा क्रान्तिकारी वर्गका रूपमा लिइन्छ

भने गौण वर्गमा चाहिँ ढुलमुले प्रवृत्ति रहने र तिनको चरित्रमा पनि अवसरवादी सोच नै अधिक पाइन्छ । वर्ग सामाजिक आर्थिक विषय भएको हुँदा यसमा वर्गहरूको उपस्थिति, पात्रहरूको वर्गीय सम्बन्ध एवम् वर्गदृष्टिकोण र वर्गसङ्घर्षको चित्रण गरिन्छ (भट्टराई, २०७७, पृ. ७६) । वर्गीय समाजमा अस्तित्वमा रहेका यिनै वर्गहरूप्रतिको पक्षधरता नै वर्गीयता हो र त्यसमा पनि सर्वहारा वर्गप्रतिको प्रतिबद्धता नै वर्गीयताको सही स्वरूप हो (चैतन्य, २०६४, पृ. ३२) । त्यसैले साहित्यलगायत चेतनाका सम्पूर्ण रूपहरू वर्गहितमा आश्रित हुन्छन् र वर्गीय समाजमा कुनै पनि विचारधारा वर्गभन्दा बाहिर रहँदैन । यसैअनुसार पाण्डेय (२०६७, पृ. १५४) ले पतनशील बुर्जुवा जीवनपद्धति र संस्कृतिको वास्तविकता र तिनमा रहेका कमजोरीको चित्रण, बुर्जुवा जीवनपद्धतिको असङ्गति र समाजको विकासमा बाधक बनेको त्यसको स्वरूपको उद्घाटन, बुर्जुवा वर्गको सांस्कृतिक राजनीतिक प्रभुत्वको विघटन हुने प्रक्रिया र ध्वंस गर्ने तरिका, सामाजिक सम्बन्धहरूको समग्रतामा सर्वहाराको जीवनसङ्घर्षको चित्रण, सर्वहाराको दृष्टिकोणअनुसार एउटा अधिक मानवीय संसार रचनाको प्रयास, सर्वहारा वर्गको एकतालाई दरिलो बनाउन उसलाई अघि बढाउन गरिने प्रयत्न तथा सर्वहारालाई इतिहासप्रक्रियाको दिशा र गतिको जानकारी गराउँदै उसको ऐतिहासिक दायित्वबोध गराउनुलाई वर्गीय साहित्यको उद्देश्य मानेका छन् । प्रस्तुत कथाको वर्गीयता विश्लेषण र मूल्याङ्कनका लागि पाण्डेयले 'साहित्य र सर्वहारा' शीर्षकको वैचारिक रचनामा उल्लेख गरेका वर्गीय साहित्यका उद्देश्य र 'एउटा गाउँमा' कथामा अभिव्यक्त वर्गीयताको स्वरूपको संयोजन गरेर (१) सर्वहारा जीवनसङ्घर्षको चित्रण, (२) अधिक मानवीय संसार रचनाको प्रयास, (३) वर्गीय एकता र (४) सर्वहाराको ऐतिहासिक दायित्वबोध शीर्षकका बुँदाहरूको एउटा कृतिविश्लेषणको प्रारूप तयार पारिएको छ ।

## नतिजा र विमर्श

पारिजात (वि.सं.१९९०–२०५०) प्रारम्भमा विसङ्गतिवादी अस्तित्ववादी लेखनमा सक्रिय रहे पनि उत्तरार्द्ध चरणमा वर्गीय समाजको शोषणबाट सताइएका गरिबहरूको मुक्ति एवम् श्रमको सौन्दर्यलाई वर्गीय स्वरूपमा अभिव्यक्ति दिने कथाकार हुन् । उनको कथायात्राको उत्तरार्द्ध चरण ( वि.सं.२०३० पछि) मा लेखिएको 'एउटा गाउँमा' कथामा वर्गीय समाजको वस्तुगत परिस्थिति, सामाजिक सम्बन्ध, सर्वहारा जीवनका यथार्थ र उनीहरूको चेतनाको स्वरूप तथा वर्गीय समाजका श्रमजीवी मानिसको जीवनदशाको वास्तविकताबोध गराइएको छ । यसमा उत्पीडित वर्गको सङ्घर्ष चित्रण गरी उनीहरूको विजय निश्चित हुने कुरालाई मानव इतिहास प्रक्रियाको अनिवार्य विषय ठान्दै सर्वहाराको विचारधारा, उद्देश्य र सङ्घर्षसित लेखकको रचनाशील क्षमतालाई संयोजन गर्ने क्रममा वर्गीय चेतना प्रकट भएको छ जसलाई (१) सर्वहारा जीवनसङ्घर्षको चित्रण, (२) अधिक मानवीय संसार रचनाको प्रयास, (३) वर्गीय एकता र (४) सर्वहाराको ऐतिहासिक दायित्वबोध गरी वर्गीय चेतना विश्लेषणका निम्ति चारओटा उपकरण प्रयोग गरिएका छन् ।

**सर्वहारा जीवनसङ्घर्षको चित्रण**

सर्वहाराको जीवनसङ्घर्ष भनेकै वर्गसङ्घर्ष हो । वर्गीय समाजमा सर्वहारा वर्गको यस्तो जीवनसङ्घर्षलाई सामाजिक सम्बन्धको समग्रतामा हेर्नुपर्दछ भने सामाजिक सम्बन्धलाई चाहिँ उत्पादनको पुँजीवादी सम्बन्धका रूपमा हेर्नुपर्ने हुन्छ । यसलाई पछौटे सामाजिक सम्बन्ध र सामन्ती समाजको पुँजीवादी समाजतर्फको सङ्क्रमण गरी दुवै पक्षबाट पनि हेर्न सकिन्छ । यसका साथै वर्गीय समाजका व्यक्तिहरूका बिचको सम्बन्धका आधारबाट पनि सर्वहाराको जीवनसङ्घर्षको विश्लेषण गर्न सकिन्छ । 'एउटा गाउँमा' कथामा मूलतः सामाजिक सम्बन्धहरूका कारण उत्पीडित सर्वहारा वर्ग सङ्घर्षपूर्ण र सङ्कटग्रस्त जीवनयापनमा केन्द्रित हुनुपरेको अवस्था चित्रण गरिएको छ । श्रमजीवीलाई ठगेर खाने प्रधानपञ्च र उसको शोषणको मारमा परेको खिउटेका बाबिचको सामाजिक र आर्थिक सम्बन्धले जटिल बनाएको सर्वहाराको जीवनसङ्घर्ष कथामा यसरी चित्रण गरिएको छ :

> खिउटेका बालाई सिङ्गै घर ठड्याउन लाएर प्रधानपञ्चले एक कौडी नदिएरै निकाल्यो, बरा ! सुकेनास लागिसकेको रै'छ, एक साँझ रगत छाद्छै आयो, त्यस बेला यो खत्पते पेटमा थियो । खानलाई त मलाई धौ धौ हुन्थ्यो । भोलिपल्ट बिहानै आफैं गएँ, दयामाया जागिहाल्यो कि भनी । ए एकाब्यानै कमिनीको अनुहार हेर्नुपऱ्यो लौ आजको दिन यसै बिग्रियो भन्दै काँचै खाउँलाभैँ गरेर खेद्यो । गरिब भनेर हेप्ने, कामी भनेर दुत्कार्ने ...। (पृ. ४६)

वर्गीय समाजको आर्थिक र सामाजिक सम्बन्धकै कारण मजदुरले भोकै, प्यासै काम गर्नुपर्ने, आफ्नो पारिश्रमिक लिन जाँदा पनि डराउनुपर्ने र रित्तो हात खेदिनुपर्ने अवस्था सिर्जना भएको हो किनभने यहाँ, उत्पादनको साधन मानिएको पुँजीमाथि प्रधानपञ्चको मात्र अधिकार रहेको अवस्था चित्रित छ । त्यसैगरी वर्णव्यवस्थामा आधारित सामाजिक सम्बन्धका दृष्टिबाट पनि आफूलाई कथित छुत जातको उच्च श्रेणीमा राखेर प्रधानपञ्चले खिउटेकी आमालाई दुर्व्यवहार गरेको छ । त्यसैले कथामा खिउटेका बाआमाजस्ता सर्वहाराहरू आजीविकाकै लागि पनि कठिन सङ्घर्ष गर्न बाध्य हुनुपरेको हो । स्वास्नी सुत्केरी हुँदा प्रधानको जाली मुद्दामा जेल पर्नु, त्यहाँबाट छुटेपछि वनपालेले जेल हाल्नु, यही कारण रोगी हुनु तर पनि हार नखानु (पृ. ४७) आदि परिघटना खिउटेका बाले बाँच्नका लागि गरेका सङ्घर्षका शृङ्खला हुन् ।

प्रस्तुत कथामा जीविकोपार्जनको सङ्घर्षसँगै सर्वहारा पात्रहरूले वर्गीय मुक्तिका लागि सङ्घर्ष गरिरहेका छन् । मसान बाँधू, डङ्किनी बाँधू भन्दै जोगीले फेरी लगाइरहेको सुनेपछिका अतिमाया मगरनीका "मसानभन्दा कत्ति डरलाग्दा रगत चुस्ने मान्छेलाई दुनियाँले बाँधिसके जोगी अझ गोरखनाथ पो जगाउँछ, ए ! यहाँ गरिब जागिसके आधा रातमा मागिखाने काट्टो फुक्यो हिँड्यो । खोई कहाँ छ यस गाउँमा मसान डङ्किनी ?" (पृ. ४५) भन्ने भनाइबाट पनि गरिबहरू

मुक्तिसङ्घर्षमा लागेको कुरा प्रस्ट भएको छ । वर्गीय द्वन्द्वयुक्त कथानक प्रयोग, पात्रविधानमा उत्पीडित अवस्थाका सर्वहारा पात्रहरूको केन्द्रीयता, मुक्तिका लागि गर्नुपर्ने जीवनको सङ्घर्षमा रहेको उनीहरूको क्रियाशीलतायुक्त परिवेश तथा सारवस्तुमा मुक्तियुद्धप्रतिको आस्था र लगाव प्रकट गरेर प्रस्तुत कथा विधागत शिल्पसँग वर्गसचेत वैचारिकीलाई संयोजन गरी सर्वहारा जीवनसङ्घर्षको अभिव्यक्तिलाई प्रभावकारी बनाउन सफल रहेको छ ।

**अधिक मानवीय संसार रचनाको प्रयास**

श्रमजीवी वर्गमाथिको आर्थिक, सामाजिक र सांस्कृतिक शोषणरहित एवम् स्वतन्त्रता, समानता र न्यायमा आधारित सुन्दर समाज नै सर्वहाराको दृष्टिकोणअनुसारको अधिक मानवीय संसार हो । यस्तो संसार रचनाको सम्बन्ध खासमा शोषक र उत्पीडक वर्गको अधिनायकत्व समाप्त पार्नुसँग गाँसिएको छ । उत्पीडनरहित समाजको स्थापनाका निम्ति गरिने वर्गीय सङ्घर्षले केही त्यस्ता आदर्शहरूको पनि निर्माण गरेको हुन्छ जुन तत्कालीन परिस्थितिको उत्पादन मात्र नभएर त्यो परिस्थितिमा आवश्यक सुधार ल्याउने दिशातर्फ पनि केन्द्रित हुन्छन् । अतः सर्वहारा वर्गविशेषको हितअनुकूल व्यवस्थित रूपले स्थापित गरिएको संसार नै सर्वहारा दृष्टिकोणअनुसारको बढी मानवीय संसार हो ।

'एउटा गाउँमा' कथामा श्रमजीवी जनताको सङ्घर्षबाट सामन्ती सत्ता विघटनको प्रक्रिया सुरु भएको परिवेश सिर्जना गरेर यस्तो मानवीय संसार रचनाको प्रयासलाई मूर्तता प्रदान गरिएको छ । कथाकी प्रमुख पात्र अतिमाया मगरनीको चरित्रबारे समाख्याताले गरेका यस्ता टिप्पणीबाट पनि सर्वहाराहरू आफ्नो मानवीय संसार रचनामा क्रियाशील रहेको बुझिन्छ– "तीनओटा छोराछोरीकी जननी ऊ हालसाल घरमा एक्ली छे । जेठो, माहिलो भूमिगत, कान्छो जेलमा, एउटी छोरी लाउँला खाउँला भन्ने उमेरमा सुकेनास लागेर मरी, बुढियाको छाती अझ पनि कडा नै छ मन भरिलै छ– कतैबाट चोइटिएको छैन" (पृ. ४५) । कथामा ऊजस्ता गरिबको हित हुने व्यवस्था स्थापित हुन्छ भन्ने कुराप्रतिको विश्वासले नै छोराहरू भूमिगत हुँदा र जेलमा पर्दा पनि अतिमायाको छाती नचोइटिएको हो । बरु त्यस्तो व्यवस्था ल्याउनका लागि आफ्ना छोराहरू युद्धमा होमिएकामा ऊ गौरवान्वित छे जसले आर्थिक अभावमा उसकी छोरी जसरी कुनै पनि गरिबले सुकेनास लागेर मर्नु नपर्ने मानवीय संसार निर्माण गर्ने छ । उसको यही दृष्टिकोणलाई प्रस्ट पार्दै कथामा अगाडि भनिएको छ :

> छोराहरूको क्रान्तिमय जीवनको छाप परेको छ अतिमायामा । ...अब उसले बुझिसकेकी छ चुस्ने र चुसिनेको कथा । ऊ नयाँ जमाना हेर्न चाहन्छे, नयाँ घाम उदाएको हेर्ने रहर गर्छे । ऊ मरे पनि उसको पछिको पिँढीले पाउने सुख र समानताको निम्ति ऊ अहिल्यै नै विश्वस्त छे । गरिबहरूको हक र हितको निम्ति लड्दालड्दै उसका छोरा मरे पनि उनीहरूको मृत्यु बलिदानको गाथा बन्ने छ भन्ने कुरालाई उसले मानेकी छ । (पृ. ४५–४६)

अतिमायाले हेर्न चाहेको 'नयाँ जमाना' र 'नयाँ घाम' ले यहाँ सर्वहाराको दृष्टिकोणअनुसारको अधिक मानवीय संसारलाई सङ्केत गरेको छ। यसैलाई मार्क्सको ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तले समाजवादी व्यवस्थाका रूपमा अर्थ्याएको छ। यही दृष्टिकोणअनुरूप नै गरिबको हक र हितको निम्ति लड्नुलाई सचेत नागरिकको कर्तव्यका रूपमा लिएर लड्दालड्दै छोराहरू मारिए पनि उनीहरूको बलिदानबाट पछिल्लो पुस्ता सुख र समानतामा बाँच्न पाउने समतावादी र अधिक मानवीय संसार निर्माण हुनेमा अतिमाया विश्वस्त देखिएकी हो। यसरी प्रस्तुत कथाले मालिकको शोषणमा थिचिएका गरिब मुक्त हुने र श्रम गर्ने वर्गका मानिसका सुखका दिनहरू आउने कुराको सङ्केत गरेको छ। कथाले सङ्केत गरेको श्रमिक वर्गले स्वतन्त्रतापूर्वक आफ्नो श्रमको उपयोग गर्न र न्यायोचित रूपमा श्रमअनुरूपको ज्याला पाउन सक्ने संसार नै सर्वहाराको दृष्टिकोणअनुसारको सबैभन्दा बढी मानवीय संसार हो। यस्तो संसार रचनाको प्रयासलाई कथामा सर्वहारा वर्गप्रतिको पक्षधरतासहितको आख्यानीकरण तथा उत्पीडित पात्रको नायकत्वले विश्वसनीय र प्रभावकारी बनाएको छ।

**वर्गीय एकता**

समाजको वर्गीय स्वरूपले सर्वहारामाथिको शोषणलाई निरन्तरता दिइरहने भएकाले उत्पीडित सर्वहारा वर्ग सधैँ मुक्त हुने प्रयासमा रहन्छ। मुक्तिका लागि सर्वहाराको एकताबद्ध सङ्घर्ष आवश्यक हुन्छ। सङ्घर्षका लागि चाहिने समान वर्गीय धरातलका व्यक्तिहरूको एकबद्धपनलाई नै वर्गीय एकता भनिन्छ। वर्गीय समाजमा प्रत्येक व्यक्ति कुनै न कुनै वर्गसँग आबद्ध हुन्छ र उसको चिन्तन कि त आफ्नो वर्गीय दृष्टिकोणबाट नियन्त्रित हुन्छ कि त उत्पादन प्रणालीमा प्रमुख स्थान पाएको हुनाले निम्न वर्गमाथि आफ्नो प्रभुत्व स्थापित गरिसकेको वर्गको दृष्टिकोणबाट नियन्त्रित हुन्छ (ग्रेवाल, २०६७, पृ. २४१)। यसरी व्यक्तिको सामाजिक वर्गप्रतिको निश्चित पक्षधरताप्रतिको भूमिकाले नै उसको चेतनाका सीमाहरू निर्धारण गर्छ। यही वर्गीय भूमिकाका आधारमा व्यक्तिले तत्कालीन परिस्थितिमा परिवर्तन ल्याउनका निम्ति गर्नुपर्ने कुराहरूको निक्यौंल गर्छ।

'एउटा गाउँमा' कथामा खिउटेका बाआमामाथिको उत्पीडन, त्यसले जन्माएको प्रतिरोधी चेतना र उत्पीडितको न्यायका लागि सर्वहाराहरू एकजुट भएको सन्दर्भबाट मुक्तिका लागि वर्गीय एकताको अपरिहार्यता प्रकट गरिएको छ। यहाँ खिउटेकी आमा प्रधानपञ्च र उसको सामन्ती व्यवस्थाको शोषणमा पिल्सिएका दिनहरू सम्झिएर रुन थालेपछि अतिमायाले उसलाई यसरी वर्गीय एकताको सामर्थ्यबोध गराएकी छ :

> बेला न कुबेला के आँखा भिजाउँछौ तिमी ? तिम्रो लोग्ने गरिब दुःखीको साथी भइसक्यो। अब पोहोरकै कुरा गर न, तिमी पनि त गएकी थियौ नि लट्ठी, खुकुरी बोकेर खिउटेका बालाई छुटाउन। थाना घेरेर तिमीहरूले उसलाई छुटाएरै ल्यायौ। खोई के लग्न सक्थ्यो र ? तिमीहरूको फौज देखेर पुलिसले उहाँ बन्दुक चलाउने आँट गरेन। त्यसै मार्न सकिन्छ गरिबको साथीलाई ? (पृ. ४७)

कथामा प्रधानपञ्चले खिउटेको बालाई जाली मुद्दा लगाएर थुनेपछि उसलाई छुटाउनका लागि उत्पीडितहरूले एकजुट भएर घरेलु हतियारसहित थाना घेर्नु र त्यही कारणले प्रहरी प्रशासन पनि गरिबहरूका सामु झुकेर खिउटेको बालाई रिहा गर्नुजस्ता घटनाबाट सङ्गठित शक्तिको सामर्थ्य प्रकट भएको छ। यसलाई अझ प्रस्ट पार्नका लागि अतिमायाका 'त्यसै मार्न सकिन्छ गरिबको साथीलाई' भन्ने भनाइ आएका हुन्। यस्तो एकीकृत सङ्गठनको शक्तिका बारेमा उसले खिउटेकी आमालाई पटकपटक स्मरण गराउनुले पनि कथाको मूल आशयलाई नै वर्गीय एकताको वरिपरि घुमाएको देखिन्छ। यसका साथै अतिमाया र खिउटेकी आमाको आत्मीय सम्बन्ध पनि समवर्गीय धरातलका आधारमा निर्मित मानवीय संवेदनामा उभिएको छ। त्यसैले दुवै महिलाहरू मुक्तियुद्धमा लागेका लोग्नेमान्छेहरूसँगै आफू पनि गाउँमा हुनसक्ने दुश्मनको आक्रमणबाट सबैलाई जोगाउनका लागि रातमा लट्ठी र खुकुरी लिएर गाउँलाई पहरा दिइरहेका छन् (पृ.४७)। यसरी विभेद र उत्पीडनको अन्त्यका निम्ति वर्गीय एकताको आवश्यकता बोध गरेर प्रस्तुत कथाले सर्वहाराको मुक्तिसङ्घर्षलाई जीवन्तता प्रदान गरेको छ। कथामा गरिएको घटना र चरित्रको विकास एवम् सोहीअनुकूलको युद्धकालीन परिवेश संयोजन पनि अतिमाया र खिउटेकी आमाजस्ता सङ्घर्षबाट खारिँदै गएका पात्रहरूको वर्गीय चिन्तनलाई बलशाली बनाउन सफल रहेको छ भने वर्गीय एकताबाटै सर्वहाराको मुक्ति र समाजवादी समाजको स्थापना सम्भव हुने कुराको सङ्केत पनि यसमा गरिएको छ।

**श्रमिक वर्गको ऐतिहासिक दायित्वबोध**

इतिहासप्रक्रियाले राज्यको राजनीतिक र आर्थिक प्रणालीमाथि सर्वहारावर्गको पहुँच र प्रभुत्वको अवस्थालाई जनाउँछ। त्यसैले कला र साहित्यमा व्यक्त यथार्थ ऐतिहासिक पृष्ठभूमिमा आधारित हुन्छ। इतिहासको विकासप्रक्रियामा वर्गसङ्घर्ष केन्द्रीय र निर्णायक हुन्छ। यस वर्गसङ्घर्षको अभिव्यक्ति विभिन्न विचारधारात्मक रूपहरूमा हुन्छ तर वर्गसङ्घर्ष र विचारधारात्मक रूपहरूको सम्बन्ध पनि सोझो, सरल र एकपक्षीय हुँदैन। विचारधारा इतिहासप्रक्रियाको देन मात्र नभई त्यसले इतिहासप्रक्रियालाई पनि प्रभावित गर्दछ (पाण्डेय, २०६७, पृ. १४९)। सामन्ती, अर्धसामन्ती हुँदै पुँजीवादी समाजव्यवस्थासम्म आइपुग्दा आर्थिक तथा राजनीतिक क्रियाकलापमा सर्वहाराको प्रत्यक्ष संलग्नता र अधिकार कस्तो रह्यो, उनीहरू कसरी वञ्चितीकरणमा पारिए र अबको बाटो के हुनुपर्छ भन्ने कुराको फेहरिस्त बताएर उनीहरूलाई ऐतिहासिक दायित्वबोध गराउने कार्य पनि यसले गर्छ (शर्मा, २०७६, पृ. २०१)। समाजमा शोषण छ, यसको अन्त्य हुनुपर्छ र त्यसका लागि शोषित वर्गले सङ्गठित सङ्घर्ष गर्नुपर्छ भन्ने दृष्टिकोणले नै श्रमिक वर्गको ऐतिहासिक दायित्वबोधलाई व्यावहारिकता प्रदान गर्दछ। 'एउटा गाउँमा' कथाले वर्गीय समाजको आर्थिक सामाजिक सम्बन्धको चित्रण गर्ने क्रममा शोषण र विभेदपूर्ण वस्तुस्थितिको जानकारी गराउँदै त्यसको अन्त्यका लागि गर्नुपर्ने सङ्घर्षप्रति प्रतिबद्ध गराएर सर्वहारावर्गलाई ऐतिहासिक

दायित्वबोध पनि गराएको छ । यसमा वर्गीय सङ्घर्ष चलिरहेको हुनाले पुरुषहरू युद्धमा लागेको एउटा गाउँमा वर्गदुस्मनबाट आउन सक्ने सम्भावित खतराबाट जोगिनका लागि महिलाहरूले चालेका कदमहरूमा यस्तो दायित्वबोधको सङ्केत गरिएको छ :

> "आ ! आजभोलि त कसो कसो यो बिलौनाको गीत त सुन्न पनि मन लाग्दैन । हाम्रा लोग्नेमान्छेहरू गाउँपारितिर मोर्चा कसेर बसेका छन्, पुलिस आउला कि भनी । हामी याँ बिलौना गरेर के गर्नु ?" "....तै पुलिस यता पसे अलिक त रोकथाम गर्नैपर्छ ।" मगरनी बिँडीको लामो सर्को तानेर धुवाँ छोड्छे र फेरि भन्न थाल्छे, "हाम्ले याँ मान्छे लुकाएर राखेका छौँ भनेर पक्रन आउने रे क्या !" "आँट त के गर्लान् र तै तयारी त बस्नैपर्छ"...। (पृ. ४६)

उत्पीडनपूर्ण विगत सम्झेर बिलौनाका गीत गाइरहेकी खिउटेकी आमालाई कर्तव्यबोध गराउने क्रममा आएका अतिमायाका उपर्युक्त अभिव्यक्तिमा प्रथमतः सङ्घर्ष र मुक्तिका लागि भावुकतापूर्ण रोदन त्याग्नुपर्ने बताइएको छ । त्यसै पनि आत्मबल दह्रो राख्नका लागि सर्वहाराहरूमा प्रतिरोधी चिन्तनसहितका सचेत क्रियाकलापको आवश्यकता पर्दछ । त्यसैले आफैँलाई कमजोर बनाउने विलाप र रोदन त्याग्नुलाई यहाँ सर्वहाराको दायित्व मानिएको हो । अतिमाया र खिउटेकी आमामा चाहिँ योभन्दा पनि ठूलो दायित्वका रूपमा विद्रोहीहरूलाई लुकाएर राखेको भन्ने आशङ्कामा गाउँमा पस्न सक्ने उत्पीडक सत्ताको पहरेदार मानिएको पुलिसको जत्थालाई रोक्नु रहेको छ । यसैका लागि नै कथामा उनीहरू रातमा पनि खुकुरी र लौरो बोकेर गाउँको सुरक्षाका लागि फन्को मार्ने गरेका हुन् ।

प्रस्तुत कथामा आफ्नो अधिकार र कर्तव्यप्रति सचेत रहनुलाई पनि सर्वहाराको दायित्व ठानिएको छ र यसैको बोध गराउनका लागि कथाको अन्त्यमा "दुवै महिलाहरू आ-आफ्नो हतियार सम्हालेर घुम्न निस्कन्छन् । गाउँले थकाइ मारेको छैन । यहाँका जिउँदा मान्छेहरू नै व्यस्त छन् आजभोलि" (पृ. ४७) भन्ने समाख्याताका भनाइ आएका छन् । यसबाट यहाँ, सर्वहाराको मुक्तिका लागि प्रतिबद्ध भएर लागेका व्यक्तिलाई सचेत मान्छे मानिएको बुझिन्छ भने सङ्घर्षका क्रममा सर्वहाराहरू प्रत्येक पल सचेत रहनुपर्ने बताइएको छ । यसरी उत्पीडित वर्ग आफ्नो मुक्तिका लागि आफैँ अआफ्नो स्थानबाट सङ्गठित भएर लाग्नुलाई नै श्रमिक वर्गको ऐतिहासिक दायित्व ठान्दै त्यसको बोध गराउनका लागि श्रमिक वर्गलाई समकालीन वस्तुस्थितिबारे जानकारी दिँदै उनीहरूलाई प्रायोगिक रूपले नै नेपाली समाजप्रति सचेत बनाएर इतिहास प्रक्रियाको दिशाबोध गराउन प्रस्तुत कथा सफल रहेको छ ।

## निष्कर्ष

पारिजातको 'एउटा गाउँमा' कथाको वर्गीय चेतना समाजमा व्याप्त आर्थिक सामाजिक शोषण र त्यसको अन्त्यका लागि पात्रहरूले चालेको सङ्गठित सङ्घर्षको कदम एवम् वर्गीय

मुक्तिप्रतिको विश्वासबाट प्रकट भएको छ । प्रस्तुत लेखमा कृतिविश्लेषणका लागि निर्धारण गरिएका चार ओटा सङ्केतकहरूमध्ये सर्वहारा वर्गको जीवनसङ्घर्षको चित्रणलाई वर्गीय समाजको सामाजिक र आर्थिक सम्बन्धको आलोचनात्मक आधारबाट उद्घाटन गरिएको छ । यसलाई शोषणको मारमा परेका अतिमाया र खिउटेका बाआमाजस्ता श्रमजीवीले आर्थिक सङ्कटको स्थितिमा बाँच्नुपर्दा आजीविकाका लागि गरेका सङ्घर्षसँगै वर्गीय मुक्तिका लागि गरेको सङ्गठित सङ्घर्षले सघन बनाएको छ । खिउटेको बालाई घर बनाउन लगाएर प्रधानपञ्चले विनापारिश्रमिक निकालेको तथा जाली मुद्दामा जेल हालेको सन्दर्भले श्रमजीवीको जीवनशैली कष्टकर बनेको देखाउँदै शोषणका विरुद्धको विद्रोही चेतना विस्तारमा पनि यो प्रभावकारी देखिएको छ । यसमा अधिक मानवीय संसार रचनाको प्रयासलाई चाहिँ विशेष गरी शोषणरहित र न्यायमा आधारित समाजलाई मानवीय संसारका रूपमा लिई त्यसको रचनाका लागि सर्वहाराको सङ्घर्षबाट विभेदकारी सामन्ती सत्ता विघटनको प्रक्रिया सुरु भएको देखाइएको छ । त्यसका लागि गरिएको अतिमाया मगरनीजस्ता उत्पीडित पात्रको नायकत्व र सर्वहारा वर्गप्रतिको पक्षधरताले यसलाई विश्वसनीय बनाएको छ । वर्गीय एकताका कोणबाट हेर्दा प्रस्तुत कथा मुक्तिका लागि सर्वहारा वर्गलाई एकजुट बनाउन र उनीहरूलाई वर्गीय एकताको सामर्थ्यबोध गराउन सक्षम रहेको देखिन्छ । श्रमिक वर्गको ऐतिहासिक दायित्वबोधलाई यसमा शोषण र विभेदपूर्ण वस्तुस्थितिको वास्तविकता उद्घाटन गरी त्यसको अन्त्यका लागि श्रमिक वर्गमा आफ्नो अधिकार र कर्तव्यप्रति सचेत हुँदै गर्नुपर्ने मुक्तिसङ्घर्षको आवश्यकता बोध गराएको सन्दर्भबाट प्रगाढ बनाइएको छ । यसरी प्रस्तुत कथाले नेपाली समाजको वर्गीय सम्बन्ध तथा त्यसमा आफ्नो प्रभुत्व कायम राख्न शोषक वर्गले गरेको प्रशासनिक शक्तिको दुरुपयोगलाई प्रस्ट पारेको छ । अतः उपर्युक्त वर्गीय सन्दर्भहरूको आख्यानीकरणद्वारा ‘एउटा गाउँमा’ कथा मालिक र मजदुरबिचको सामाजिक सम्बन्ध वर्गीय द्वन्द्व, आर्थिक शोषण एवम् सामन्ती दाउपेचमा आधारित रहेको कुरालाई प्रतिरोधी ढङ्गले पुष्टि गर्न सफल रहेको छ । कथाको उद्देश्यलाई वर्गीय चेतनामा सङ्केन्द्रित गर्नका लागि गरिएको सर्वहारा जीवनसङ्घर्षको चित्रण, अधिक मानवीय संसार रचनाको प्रयास, वर्गीय एकता तथा सर्वहाराको ऐतिहासिक दायित्वबोधका दृष्टिकोणबाट विश्लेषण गर्दा प्रस्तुत कथा नेपाली समाजको वर्गीय चरित्र उद्घाटन, त्यसको द्वन्द्वात्मक सम्बन्धको पहिचान र वर्गीय मुक्तिका लागि प्रतिरोधी चेतनाको प्रसारका लागि अपनाइएका यथार्थपरक घटनाको आख्यानीकरण एवम् सारवस्तुको सौन्दर्यपरक अभिव्यक्तिले पनि वर्गीय चेतना प्रकटीकरणका कोणबाट प्रभावकारी ठहर्दछ ।

## सन्दर्भसामग्री सूची


इन्फादा, पूर्ण (सम्पा.) (२०७४), *पारिजातका प्रतिनिधि कथाहरू,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गिरी, अमर (२०७५), *कवितामा वर्गद्वन्द्व,* भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

ग्रेवाल, ओमप्रकाश (२०६७), विचारधारा र साहित्यको अन्तर्सम्बन्ध, *मार्क्सवादी साहित्यचिन्तन* (सम्पा. र अनु. निनु चापागाईं), साझा प्रकाशन, पृ. २३८–२५५ ।

घिमिरे, कृष्णप्रसाद र ज्ञवाली, रामप्रसाद (२०५८), *आख्यानकार पारिजात,* हजुरको पुस्तक संसार ।

चैतन्य (२०६४),*मार्क्सवादी कलादृष्टि र समीक्षा,* ऐरावती प्रकाशन प्रालि ।

निरौला, अम्बिकादेवी (२०७४), नारीवादी दृष्टिले एउटा गाउँमा, *प्रलेस,* २२ (२३), पृ. ८७–१०८ ।

पाण्डेय, मैनेजर (२०६७), साहित्य र सर्वहारा, *मार्क्सवादी साहित्यचिन्तन* (सम्पा. र अनु. निनु चापागाईं), साझा प्रकाशन, पृ. १४७–१६२ ।

पारिजात (२०७४), एउटा गाउँमा, *पारिजातका प्रतिनिधि कथाहरू* (सम्पा.), पूर्ण इन्फादा, नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. ४५–४७ ।

बोट्टोमोर, टोम (सम्पा.) (सन् १९९१), *अ डिक्सनरी अफ मार्क्सिस्ट थट,* ब्ल्याकवेल पब्लिसर्स ।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* भुँडीपुराण प्रकाशन ।

मार्क्स, कार्ल र एङ्गेल्स, फ्रेडरिक (सन् १८४८), मेनिफेस्टो अफ द कम्युनिस्ट पार्टी, https://www.marxists.org/archive/marx/works/download/pdf/Manifesto.pdf

लेनिन, भ्लादिमिर (सन् १९६१), पोलिटिकल एगिटेसन यान्ड 'द क्लास पोइन्ट अफ भ्यू', *लेनिन कलेक्टेड वर्क्स* भोल्युम ५, फरेन ल्याङ्ग्युएज पब्लिसिङ हाउस, पृ. ३३७–३४३ ।

शर्मा, बिन्दु (२०७६), समकालीन नेपाली कथामा वर्गीयता, *प्रज्ञा समकालीन नेपाली कथाविमर्श* (सम्पा. ज्ञानु अधिकारी), नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ.१७६–२०७ ।

शर्मा, सृजना (सन् २०२०), *पारिजात परिशीलन* (दोस्रो संस्करण), जनपक्ष प्रकाशन ।